प्रदेश सरकार

कोशी प्रदेश

पर्यटन, वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय, धनकुटा

मिति :- २०८०/०९/२०

**विषय :- काठ लिलाम बिक्री सम्बन्धी सूचना ।**

दोस्रो पटक सूचना प्रकाशन मिति २०८०।०९।२० (प्रथम पटक सूचना प्रकाशन मिति २०७९।०९।२१)

प्रस्तुत विषयमा यस कार्यालय अन्तर्गतको निशानदेवी सब डिभिजन वन कार्यालय कागतेको कार्यक्षेत्र भित्र पर्ने सल्लेरी राष्ट्रिय वनक्षेत्रको सव कम्पार्टमेन्ट ३ को working unit-7 मा खडा अवस्थामा रहेका तथा डिभिजन वन कार्यालय धनकुटाको परिसरमा रहेका खडा रुखहरुको छपान मूल्याङ्कन तेरीज अनुसारको १ वटा लट (०१ /०७९/८०) को परिमाण जम्मा ९१०४.२०१ क्यू.फि. काठ र ७.०५३ चट्टा दाउरा, लिलाम विकीका लागि प्रथम पटक मिति २०७९।०९।२१ गतेको ब्लाष्ट टाईम्स राष्टिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार, लिलाम प्रकृयामा सहभागी हुनभएका प्रतिस्प्रर्धीहरु मध्ये श्री दक्षिणकाली काष्ठ उधोग, कागेश्वरी मनोहरा ६ काठमाडौंले ३२,१०,०००/- रकम सकार गरेको वोलपत्र स्विकृतिका लागि वन तथा भू संरक्षण विभागमा पेश हुँदा, पुन प्रतिस्पर्धा गराई पेश गर्ने भनि मिति २०७९।११।२९ मा विभागीय निर्णय भइ आएकोमा उक्त वन पैदावारहरुको सम्वन्धमा पुन दोस्रो पटक गोप्य बोलपत्र आव्हान प्रक्रियाबाट लिलाम बिक्री गर्नु पर्ने भएकाले ईच्छूक व्यवसायीले रुखहरु जे जस्तो अवस्थामा छ सोहि अवस्थामा कटान, मुछान, संकलन, ढुवानी तथा घाटगद्दी समेत आफ्नै खर्चमा गर्ने गरी वन नियमावली २०७९ को अनुसूची ६ को द्रष्टव्य (२) मा उल्लेख भए बमोजिमको **"ए"** ग्रेडको राजश्व दर बमोजिम तपसिलको न्यूनतम मूल्य कायम गरी सूचना प्रकाशित गरिएको छ । काठ, दाउरा सम्बन्धि कारोबार गर्ने इच्छूक तथा ***वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएका*** फर्म वा कम्पनीले यो सूचना ब्लाष्ट टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८०/०९/२० मा प्रकाशित मितिले २१ औं दिनको कार्यालय समयभित्र बोलपत्र खरिद गरी २२ औ दिनको दिउँसो १२:०० बजे सम्म बोलपत्र दाखिला गर्न यो सूचना आह्वान गरिएको छ । साथै बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट मान्य हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ । सोही दिनको दिउँसो ३:०० बजे वोलपत्र खोलिने व्यहोरा सूचित गरिन्छ ।

## तपसिल

### १) वन पैदावारको विवरण:

| लट नं. | प्रजाति | रुख संख्या | काठ क्यू.फि. | दाउरा चट्टा | काठको न्युनतम मूल्य रु. (मु.अ.क. बाहेक) | दाउराको न्युनतम मूल्य रु. (मु.अ.क. बाहेक) | जम्मा न्यूनतम मूल्य (मु.अ.क. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ०१ /०७९/८० | खोटे सल्ला (खडा रुख) | ८८ | ९०८४.३०१ | ६.९४९ | ३१,७९,५०५.३५ | २७,७९६.०० | ३२,०७,३०१.३५ | WU 7 |
| | एभोकाडो | २ | १९.९ | ०.१०४ | १,९९० | ४१६.०० | २,४०६.०० | डि.व.का., धनकुटाको कम्पाउण्डमा रहेको जोखिमयुक्त रुखहरु |
| कूल जम्मा | | ९० | ९,१०४.२०१ | ७.०५३ | ३१,८१,४९५.३५ | २८,२१२.०० | ३२,०९,७०७.३५ | |

## शर्तहरु

१. बोलपत्र खरिद, दाखिला र खोल्ने अन्तिम मिति, समय र स्थान :

क) खरिद गर्ने अन्तिम मिति, समय र स्थान : मिति २०८०/१०/११ गते कार्यालय समयसम्ममा डिभिजन वन कार्यालय, धनकुटा, प्रदेश लेखा ईकाइ कार्यालय, धनकुटा र जिल्ला प्रशासन कार्यालय, धनकुटाबाट खरिद गर्न सकिनेछ ।

ख) दाखिला गर्ने अन्तिम मिति, समय र स्थान : मिति २०८०/१०/१२ गते मध्यान्ह १२:०० बजेसम्म डिभिजन वन कार्यालय, धनकुटामा दाखिला गर्नुपर्ने छ ।

ग) बोलपत्र फारम खोल्ने अन्तिम मिति, समय र स्थान : रितपूर्वक पर्न आएको बोलपत्र फारमहरु प्रतिनिधिहरुको रोहवरमा डिभिजन वन कार्यालय, धनकुटामा मिति २०८०/१०/१२ गते दिउसो ३:०० बजे खोलिने छ ।

२. बोलपत्र खरिद गर्न ईच्छूक फर्म वा कम्पनीका प्रोप्राइटरले रु.१०।- को टिकट टाँसी निवेदन सहित लट नं. १ को बोलपत्र फारम खरिद बापत रु. ३,०००।- (पछि फिर्ता नहुने गरी) राजश्व रकम बैंक दाखिला गरेको भौचर पेश गरी डिभिजन वन कार्यालय धनकुटा, प्रदेश लेखा ईकाइ कार्यालय धनकुटा र जिल्ला प्रशासन कार्यालय, धनकुटाबाट खरिद गर्न सकिनेछ। बोलपत्र खरीद गर्न दिईएको निवेदनको साथमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, चिरान गर्ने स:मिल काठ उद्योगको ईजाजत पाएको प्रमाण पत्र, मूल्य अभिवृद्धि करदर्ता (VAT), वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपि, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी, यदि प्रोपराईटर नआएमा निजको दस्तखत सहित ईच्छा पत्र पेश गर्नुपर्ने छ।

३. बोलपत्र पेश गरेको शिलबन्दी खामको बाहिर पट्टिका बायाँतर्फ आफ्नो नाम, ठेगाना, लट नं. र आ.व. अनिवार्य रुपमा उल्लेख गरी सहिछाप र लाहाछाप लगाउनु पर्नेछ। उल्लेख नगरेमा त्यस्तो बोलपत्र दर्ता हुनेछैन।

४. जसको नाममा बोलपत्र फारम बिक्री भएको हो, उसैको तर्फबाट बोलपत्र फारम दाखिला गर्नुपर्नेछ।

५. सकारकर्ताले सकार गरेको पूरै रकम र नियमानुसारको मू.अ.कर. दाखिला गरे पश्चात् मात्र वन प्रवेश पूर्जी दिईनेछ।

६. बोलपत्रदाताले छुट्टा छुट्टै पेश गरेको बोलपत्र को साथमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुने धरौटी रकम प्रदेश लेखा इकाई कार्यालय, धनकुटाको रा.वा.बैंक, धनकुटास्थित प्रदेश धरौटी खाता नं. २०१०१००२०२०३०००० मा यस कार्यालयको कोड नं. ३२९०१०६०११ मा नगद जम्मा गरेको सक्कलै भौचर वा ६ महिनाभन्दा बढीको नेपाल राष्ट्र बैंकबाट क वर्गको ईजाजत प्राप्त बैंकको बैंक ग्यारेन्टीको कागज र नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, करदर्ता प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर (VAT) दर्ता वा स्थायी लेखा नम्बर (PAN) करदर्ता प्रमाण पत्रको प्रतिलिपि र काठ उद्योग तथा काष्ठ व्यवसाय संचालनको ईजाजत पाएको प्रमाण पत्रको प्रतिलिपि र कर चुक्ता गरेको पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

७. लिलाम बिक्री गरिने रुखवाट कटान पश्चात् उत्पादन हुने काठ दाउराको ग्रेडिङ्ग गरी ग्रेडिङ्ग अनुसार नापी मूल्यांकन गर्दा उल्लेखित अनुमानित परिमाणमा घटवढ हुन सक्नेछ। कम परिमाण निस्केमा पूरै कबोल अंक र मूल्यांकनबाट १० प्रतिशत भन्दा बढी निस्केमा जति बढी हुन्छ कबोल दरको अनुपात अनुसार ग्रेडिङ्गको आधारमा काठ तथा दाउरा प्रति ईकाईको थप रकम, सो मा नियमानुसार लाग्ने मू.अ. कर र प्रदेश सेवा शुल्क समेत दाखिला गर्नु पर्ने छ। रकम दाखिला पश्चात मात्र काठ दाउराको छोडपूर्जी उपलब्ध गराईनेछ।

८. सकारकर्ताले सकार गरेको रुखहरु जे जस्तो अवस्थामा छन सोही अवस्थामा आफ्नै खर्चमा कटान, मुछान, घाटगद्दी गरि वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका २०७३ को परिच्छेद १० को २९(२) क बमोजिम गर्नुपर्ने र तत्पश्चात सोहि निर्देशिका २०७३ को प्रकृया अवलम्वन गरी बिमार्का गरी छोडपूर्जी दिइनेछ।

९. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ संशोधन सहित र प्रचलित नियम, कानुन अनुसार हुनेछ।

१०. डिभिजन वन कार्यालय, धनकुटा र निशानदेवी सब डिभिजन वन कार्यालय, कागतेका प्राविधिक कर्मचारीको रेखदेख, निर्देशन र नियन्त्रणमा रही ठेकेदारले कटान मुछान ढुवानी गरी घाटगद्दी गर्नु गराउनु पर्नेछ। उत्पादित काठको सुरक्षा व्यवस्था सकारकर्ताले गर्नु पर्नेछ।

११. लगत बमोजिम छपान भएका रुखहरु मात्र कटान, मुछान, ढुवानी गर्नुपर्नेछ। कटान गर्दा छपान नभएका रुखहरु कटान हुन गएमा, कटानका क्रममा बोटबिरुवा एवम वन्यजन्तुको हानी नोक्सानी वा अन्य भौतिक तथा मानवीय क्षति हुन पुगेमा सो को सम्पूर्ण जिम्मेवार सकारकर्ता स्वयं हुनेछ।

१२. खडा रुखको लिलामी बिक्री सम्वन्धि सम्पूर्ण कार्य वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका २०७३ र प्रचलित कानूनको अधिनमा रही गरिने छ।

१३. बोलपत्रमा सकार रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

१४. अन्य शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन, नियम र वन पैदावार लिलाम बिक्री निर्देशिका अनुसार हुनेछ। साथै धरौटी रकम फिर्ता लिन लिलाम विक्री भएको काठ दाउरा स्थानान्तरण कार्य सम्पन्न गरिसकेपछि निवेदन साथ कर चुक्ता गरेको प्रमाण पत्र अनिवार्य पेश गर्नुपर्ने छ।

१५. प्रतिनिधिद्वारा पेश भएका बोलपत्र साथ प्रोपराइटरको इच्छापत्र अनिवार्य संलग्न हुनु पर्नेछ।

१६. बोलपत्र र सो सम्वन्धि कागजातमा बोलपत्र दर्ता वा फर्मको सहिछाप नभई आएमा सो बोलपत्र अमान्य हुनेछ।

१७. रीत नपुगेको र म्याद नाघि आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

१८. पेश भएको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार अधिकार प्राप्त अधिकारीमा निहित रहनेछ।

१९. काठ संकलन खर्च लगायत नियम अनुसार लाग्ने अन्य कर सकारकर्ता स्वयमले व्यहोर्नु पर्नेछ।

२०. बोलपत्र स्वीकृत/अस्वीकृत भएको सूचना डिभिजन वन कार्यालय, धनकुटाको सूचना पाटीमा टाँस गरिनेछ। साथै सो को जानकारी सम्बन्धित सरोकारवालाहरुलाई गराइने छ। जानकारी पाएपछि स्वीकृत फर्मका सकारकर्ताले आफूले सकार गरेको रकम र मु.अ.क समेत सूचना टाँस भएको मितिले बाटो म्याद बाहेक १५ दिन भित्र सम्पूर्ण रकम दाखिला गरि सक्नु पर्नेछ। सो अवधि भित्र रकम दाखिला नगर्ने सकारकर्ताले सम्बन्धित लटमा राखेको धरौटी जफत गरिनेछ।

२१. यस सूचनामा कुनै संशोधन वा थपघट गर्नु पर्ने भएमा डिभिजन वन कार्यालय धनकुटाले गर्न सक्नेछ र सो सम्बन्धी विवरण यस कार्यालयको सूचना पाटीमा टाँस गरिने छ। अन्य जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

ईति सम्बत् २०८० साल पौष २० गते रोज ०६ शुभम् ........................................।

भरत बाबु श्रेष्ठ
डिभिजनल वन अधिकृत

प्रदेश सरकार
कोशी प्रदेश
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, धनकुटा

मिति :- २०८०/०९/२०

## विषय :- काठ लिलाम बिक्री सम्बन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशन मिति २०८०।०९।२०

प्रस्तुत विषयमा यस कार्यालय अन्तर्गतको निशानदेवी सब डिभिजन वन कार्यालय कागतेको कार्यक्षेत्र भित्र पर्ने सल्लेरी राष्ट्रिय वनक्षेत्रको सब कम्पार्टमेन्ट ३ को Working Unit -8 मा, रहेका खडा रुखहरुको छपान मूल्याङ्कन तेरीज अनुसारको १ वटा लट (०१/०८०/८१) को परिमाण जम्मा ६६५३.५४८ क्यू.फि. काठ र ६.०२३ चट्टा दाउरा गोप्य बोलपत्र आव्हान प्रक्रियाबाट लिलाम बिक्री गर्नु पर्ने भएकाले ईच्छूक व्यवसायीले रुखहरु जे जस्तो अवस्थामा छ सोहि अवस्थामा कटान, मुछान, संकलन, ढुवानी तथा घाटगद्दी समेत आफ्नै खर्चमा गर्ने गरी वन नियमावली २०७९ को अनुसूची ६ को द्रष्टव्य (२) मा उल्लेख भए बमोजिमको **"ए"** ग्रेडको राजश्व दर बमोजिम तपसिलको न्यूनतम मूल्य कायम गरी सूचना प्रकाशित गरिएको छ । काठ, दाउरा सम्बन्धि कारोबार गर्ने इच्छूक तथा ***वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएका*** फर्म वा कम्पनीले यो सूचना ब्लाष्ट टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८०/०९/२० मा प्रकाशित मितिले २१ औं दिनको कार्यालय समयभित्र बोलपत्र खरिद गरी २२ औं दिनको दिउँसो १२:०० बजे सम्म बोलपत्र दाखिला गर्न यो सूचना आह्वान गरिएको छ । साथै बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट मान्य हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ । सोही दिनको दिउँसो ३:०० बजे बोलपत्र खोलिने व्यहोरा सूचित गरिन्छ ।

### तपसिल

### १) वन पैदावारको विवरण:

| लट नं. | प्रजाति | रुख संख्या | काठ क्यू.फि. | दाउरा चट्टा | काठको न्युनतम मूल्य रु. (मु.अ.क. बाहेक) | दाउराको न्युनतम मूल्य रु. (मु.अ.क. बाहेक) | जम्मा न्यूनतम मूल्य (मु.अ.क. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ०१/०८०/८१ | खोटे सल्ला (खडा रुख) | १२६ | ६६५३.५४८ | ६.०२३ | २३,२८,७४१.८ | २४,०९२.०० | २३,५२,८३३.८० | WU 8 |
| कूल जम्मा | | १२६ | ६,६५३.५५ | ६.०२३ | २३,२८,७४१.८ | २४,०९२.०० | २३,५२,८३३.८० | |

### शर्तहरु

१. बोलपत्र खरिद, दाखिला र खोल्ने अन्तिम मिति, समय र स्थान :

क) खरिद गर्ने अन्तिम मिति, समय र स्थान : मिति २०८०/१०/११ गते कार्यालय समयसम्ममा डिभिजन वन कार्यालय, धनकुटा, प्रदेश लेखा ईकाइ कार्यालय, धनकुटा र जिल्ला प्रशासन कार्यालय, धनकुटाबाट खरिद गर्न सकिनेछ ।

ख) दाखिला गर्ने अन्तिम मिति, समय र स्थान : मिति २०८०/१०/१२ गते मध्यान्ह १२:०० बजेसम्म डिभिजन वन कार्यालय, धनकुटामा दाखिला गर्नुपर्ने छ ।

ग) बोलपत्र फारम खोल्ने अन्तिम मिति, समय र स्थान : रितपूर्वक पर्न आएको बोलपत्र फारमहरु प्रतिनिधिहरुको रोहवरमा डिभिजन वन कार्यालय, धनकुटामा मिति २०८०/१०/१२ गते दिउसो ३:०० बजे खोलिने छ ।

२. बोलपत्र खरिद गर्न ईच्छूक फर्म वा कम्पनीका प्रोप्राइटरले रु. १०।- को टिकट टाँसी निवेदन सहित लट नं. १ को बोलपत्र फारम खरिद बापत रु. ३,०००।- (पछि फिर्ता नहुने गरी) राजश्व रकम बैंक दाखिला गरेको भौचर पेश गरी डिभिजन वन कार्यालय धनकुटा, प्रदेश लेखा ईकाइ कार्यालय धनकुटा र जिल्ला प्रशासन कार्यालय, धनकुटाबाट खरिद गर्न सकिनेछ । बोलपत्र खरीद गर्न दिईएको निवेदनको साथमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, चिरान गर्ने स:मिल काठ उद्योगको ईजाजत पाएको प्रमाण पत्र, मूल्य अभिवृद्धि करदर्ता (VAT), वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपि, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी, यदि प्रोपराईटर नआएमा निजको दस्तखत सहित ईच्छा पत्र पेश गर्नुपर्ने छ ।

३. बोलपत्र पेश गरेको शिलबन्दी खामको बाहिर पट्टिका बायाँतर्फ आफ्नो नाम, ठेगाना, लट नं. र आ.व. अनिवार्य रुपमा उल्लेख गरी सहिछाप र लाहाछाप लगाउनु पर्नेछ । उल्लेख नगरेमा त्यस्तो बोलपत्र दर्ता हुनेछैन ।

४. जसको नाममा बोलपत्र फारम बिक्री भएको हो, उसैको तर्फबाट बोलपत्र फारम दाखिला गर्नुपर्नेछ ।

५. सकारकर्ताले सकार गरेको पुरै रकम र नियमानुसारको मू.अ.कर. दाखिला गरे पश्चात् मात्र वन प्रवेश पूर्जी दिईनेछ ।

६. बोलपत्रदाताले छुट्टा छुट्टै पेश गरेको बोलपत्रको साथमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुने धरौटी रकम प्रदेश लेखा इकाई कार्यालय, धनकुटाको रा.वा.बैंक, धनकुटास्थित प्रदेश धरौटी खाता नं. २०१०१००२०२०३०००० मा यस कार्यालयको कोड नं. ३२९०१०६०११ मा नगद जम्मा गरेको सक्कलै भौचर वा ६ महिनाभन्दा वढीको नेपाल राष्ट्र बैंकबाट क वर्गको ईजाजत प्राप्त बैंकको बैंक ग्यारेन्टीको कागज र नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, करदर्ता प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर (VAT) दर्ता वा स्थायी लेखा नम्वर (PAN) करदर्ता प्रमाण पत्रको प्रतिलिपि र काठ उद्योग तथा काष्ठ व्यवसाय संचालनको ईजाजत पाएको प्रमाण पत्रको प्रतिलिपि र कर चुक्ता गरेको पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

७. लिलाम बिक्री गरिने रुखवाट कटान पश्चात् उत्पादन हुने काठ दाउराको ग्रेडिङ्ग गरी ग्रेडिङ्ग अनुसार नापी मूल्यांकन गर्दा उल्लेखित अनुमानित परिमाणमा घटवढ हुन सक्नेछ । कम परिमाण निस्केमा पूरै कबोल अंक र मूल्यांकनबाट १० प्रतिशत भन्दा बढी निस्केमा जति बढी हुन्छ कबोल दरको अनुपात अनुसार ग्रेडिङ्गको आधारमा काठ तथा दाउरा प्रति ईकाईको थप रकम, सो मा नियमानुसार लाग्ने मू.अ. कर र प्रदेश सेवा शुल्क समेत दाखिला गर्नु पर्ने छ । रकम दाखिला पश्चात मात्र काठ दाउराको छोडपूर्जी उपलब्ध गराईनेछ ।

८. सकारकर्ताले सकार गरेको रुखहरु जे जस्तो अवस्थामा छन सोही अवस्थामा आफ्नै खर्चमा कटान, मुछान, घाटगद्दी गरि वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका २०७३ को परिच्छेद १० को २९(२) क बमोजिम गर्नुपर्ने र तत्पश्चात सोहि निर्देशिका २०७३ को प्रकृया अवलम्वन गरी बिमार्का गरी छोडपूर्जी दिइनेछ ।

९. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ संशोधन सहित र प्रचलित नियम, कानुन अनुसार हुनेछ ।

१०. डिभिजन वन कार्यालय, धनकुटा र निशानदेवी सब डिभिजन वन कार्यालय, कागतेका प्राविधिक कर्मचारीको रेखदेख, निर्देशन र नियन्त्रणमा रही ठेकेदारले कटान मुछान ढुवानी गरी घाटगद्दी गर्नु/गराउनु पर्नेछ । उत्पादित काठको सुरक्षा व्यवस्था सकारकर्ताले गर्नु पर्नेछ ।

११. लगत बमोजिम छपान भएका रुखहरु मात्र कटान, मुछान, ढुवानी गर्नुपर्नेछ । कटान गर्दा छपान नभएका रुखहरु कटान हुन गएमा, कटानका क्रममा बोटबिरुवा एवम वन्यजन्तुको हानी नोक्सानी वा अन्य भौतिक तथा मानवीय क्षति हुन पुगेमा सो को सम्पूर्ण जिम्मेवार सकारकर्ता स्वयं हुनेछ ।

१२. खडा रुखको लिलामी बिक्री सम्वन्धि सम्पूर्ण कार्य वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका २०७३ र प्रचलित कानूनको अधिनमा रही गरिने छ ।

१३. बोलपत्रमा सकार रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

१४. अन्य शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन, नियम र वन पैदावार लिलाम बिक्री निर्देशिका अनुसार हुनेछ । साथै धरौटी रकम फिर्ता लिन लिलाम विक्री भएको काठ दाउरा स्थानान्तरण कार्य सम्पन्न गरिसकेपछि निवेदन साथ कर चुक्ता गरेको प्रमाण पत्र अनिवार्य पेश गर्नुपर्ने छ ।

१५. प्रतिनिधिद्वारा पेश भएका बोलपत्र साथ प्रोपराइटरको इच्छापत्र अनिवार्य संलग्न हुनु पर्नेछ ।

१६. बोलपत्र र सो सम्वन्धि कागजातमा बोलपत्र दर्ता वा फर्मको सहिछाप नभई आएमा सो बोलपत्र अमान्य हुनेछ ।

१७. रीत नपुगेको र म्याद नाघि आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१८. पेश भएको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार अधिकार प्राप्त अधिकारीमा निहित रहनेछ ।

१९. काठ संकलन खर्च लगायत नियम अनुसार लाग्ने अन्य कर सकारकर्ता स्वयमले व्यहोर्नु पर्नेछ ।

२०. बोलपत्र स्वीकृत/अस्वीकृत भएको सूचना डिभिजन वन कार्यालय, धनकुटाको सूचना पाटीमा टाँस गरिनेछ । साथै सो को जानकारी सम्बन्धित सरोकारवालाहरुलाई गराइने छ । जानकारी पाएपछि स्वीकृत फर्मका सकारकर्ताले आफूले सकार गरेको रकम र मु.अ.क समेत सूचना टाँस भएको मितिले बाटो म्याद बाहेक १५ दिन भित्र सम्पूर्ण रकम दाखिला गरि सक्नु पर्नेछ । सो अवधि भित्र रकम दाखिला नगर्ने सकारकर्ताले सम्बन्धित लटमा राखेको धरौटी जफत गरिनेछ ।

२१. यस सूचनामा कुनै संशोधन वा थपघट गर्नु पर्ने भएमा डिभिजन वन कार्यालय धनकुटाले गर्न सक्नेछ र सो सम्बन्धी विवरण यस कार्यालयको सूचना पाटीमा टाँस गरिने छ । अन्य जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

ईति सम्वत् २०८० साल पौष २० गते रोज ०६ शुभम् ........................................................ ।

भरत बाबु श्रेष्ठ
डिभिजनल वन अधिकृत